नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- २०८२/८३
चलानी नं.:- ९६ (सा.प्र.शाखा)

मिति: २०८२/०५/०२

श्री स्थानीय तह (सबै),

विषयः मानव बेचबिखन विरुद्धको १९ औं राष्ट्रिय दिवस मनाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (मानब बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा) को प.सं. ०८२/८३, चं.नं. १८, मिति २०८२/०४/३० गतेको **मानव बेचबिखन विरुद्धको १९ औं राष्ट्रिय दिवस मनाउने** सम्बन्धी पत्र यसैसाथ संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गर्नुभई *"तीनै तहका सरकार मिली गरौं हातेमालोः मानव बेचबिखनको हटाऔं दुष्चक्रको जालो"* भन्ने राष्ट्रिय नाराका साथ २०८२ साल भाद्र २० गतेका दिन **मानव बेचबिखन विरुद्धको १९ औं राष्ट्रिय दिवस** सबै स्थानीय तह र अन्तरगतका वडा कार्यालयका साथै विद्यालयहरुमा समेत भव्य, सभ्य र व्यवस्थित रुपमा मनाउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

(निरोज घिमिरे)
शाखा अधिकृत

**बोधार्थः**

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (मानब बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा)।
श्री सूचना तथा प्रविधि शाखाः वेबसाईटमा अपलोड तथा ईमेलमार्फत जानकारी गरिदिनुहुन ।

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा)
फोन नं: ०१-४२००२१६
फ्याक्स: ०१-४२००११६

प.स: ०८२/८३
च.नं.:- मा.बे.नि./ ९८

मिति: २०८२।०४।३०
नेपाल संवत: ११४५

सङ्घीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- ४०६०
दर्ता मिति:- २०८२।०४।३०

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार।

विषयः मानव बेचबिखन विरुद्धको १९औं राष्ट्रिय दिवस मनाउने सम्बन्धमा ।

सन् २००२ मा काठमाण्डौमा सम्पन्न दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को ११औं शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धी २००२ लाई वि.सं.२०६३ भाद्र २० गते तत्कालिन व्यवस्थापिका संसदबाट अनुमोदन गरेको दिनलाई स्मरण गर्दै नेपाल सरकारले हरेक बर्ष भाद्र २० गतेलाई मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस मनाउदै आएको छ। यस बर्ष **"तीनै तहका सरकार मिली गरौं हातेमालोः मानव बेचबिखनको हटाऔं दुष्चक्रको जालो"** भन्ने राष्ट्रिय नाराका साथ मानव बेचबिखन तथा ओसारपसार विरुद्धको १९औं राष्ट्रिय दिवस २०८२ भाद्र २० गते मनाउन गइरहेको छ। उक्त दिवस कार्यक्रमलाई सफल बनाउन रचनात्मक, सृजनात्मक तथा सन्देशमूलक कार्यक्रम आयोजना गरी सामाजिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यले साझा अभियानका रुपमा भव्य, सभ्य र व्यवस्थित रुपमा मनाउन ७५३ वटै स्थानीय तह र सो अन्तर्गतका वडा कार्यालय साथै विद्यालयहरुमा समेत अनिवार्य रुपमा दिवस मनाउन परिपत्र गर्ने व्यवस्थाका लागि आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिदिनुहुन मा. मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८२।०४।२६ गते बसेको मूल समारोह समितिको बैठकको निर्णयानुसार अनुरोध छ ।

(विश्वमाया न्यौपाने)
महिला विकास अधिकृत